**मिति २०८०/०२/३२ गतेको गाउँ कार्यपालिकाको १४ औं बैठकमा पेश भएका प्रस्तावहरुः**

| क्र. सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | पेश गर्ने विषयगत समिति /शाखा |
|---|---|---|---|
| १. | निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा । | यस गाउँ कार्यपालिकाका अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको प्रगति समिक्षा गर्ने । | |
| २. | भू-उपयोग कार्यान्वयन कार्यविधि २०८०, सम्बन्धमा । | भगवतीमाई गाउँपालिका भू-उपयोग कार्यान्वयन कार्यविधि, २०८० छलफल तथा स्वीकृत गर्ने । | |
| ३. | सामुदायिक स्वास्थ्य इकाई भवन चिपिनको लागि अपुग रकम सम्बन्धमा । | सामुदायिक स्वास्थ्य इकाई भवन चिपिनको लागि अपुग रकम व्यवस्थाको लागि छलफल तथा निर्णय गर्ने । | |
| ४. | भगवतीमाई गाउँपालिका मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि, २०८० सम्बन्धमा । | भगवतीमाई गाउँपालिका मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि २०८०, छलफल तथा स्वीकृत गर्ने । | |
| ५. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८० सम्बन्धमा । | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८० छलफल तथा स्वीकृत गर्ने। | |
| ६. | मेडिकल अधिकृत माग सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिका अन्तर्गत सञ्चालित भगवतीमाई आधारभूत अस्पतालको लागि १ जना मेडिकल अधिकृत खटाई दिन स्वास्थ्य सेवा विभागसँग अनुरोध गर्ने । | |

**मिति २०८०/०२/३२ गतेको गाउँ कार्यपालिकाको १४ औं बैठकबाट भएका निर्णयहरुः**

१. यस गाउँ कार्यपालिकाका अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको प्रगति समिक्षा गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र प्रभावकारी रुपमा कार्यान्वयनको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

२. भगवतीमाई गाउँपालिका भू-उपयोग कार्यान्वयन कार्यविधि, २०८० माथि दफावार गरी छलफल गरी स्वीकृत गरियो ।

३. चालु आ.व. २०७९/०८० मा निर्माणाधिन सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण, वडा नं. ६ चिपिनको लागि सम्झौता बमोजिम रकम भुक्तानीको लागि विनियोजित रकम अपुग भई थप रकम व्यवस्थाको लागि आगामी गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गर्ने ।

४. भगवतीमाई गाउँपालिका मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि, २०८० माथि दफावार छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

५. भगवतीमाई गाउँपालिका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८० माथि दफावार छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

६. यस भगवतीमाई गाउँपालिका अन्तर्गत सञ्चालित भगवतीमाई आधारभूत अस्पतालमा आवश्यक जनशक्ति र श्रोत साधन नहुँदा अस्पताल सञ्चालनमा कठिनाई भएको हुँदा स्वास्थ्य सेवा विभागबाट नै तलव भत्ता तथा सेवा सुविधा व्यवस्था हुने गरी १ जना मेडिकल अधिकृत (MBBS) खटाई दिन स्वास्थ्य सेवा विभागसँग अनुरोध गर्ने निर्णय गरियो।